**आमचोक गाउँ कार्यपालिकाको निर्णय पुस्तिका :** **वैठक मितिः- २०८१/०१/०८** **वैठक संख्याः-१७**

आज मिति २०८१ साल वैशाख ८ गते शानिवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | का.वा. वडाध्यक्ष वडा नं ४ | श्री हर्क वहादुर कार्की | |
| २० | सचिव | श्री धन कुमार राई | |
| २१ | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| | | | |

अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. शित भण्डार गृह निर्माणको वोलपत्र सम्बन्धमा

२. गाउँपालिका महासंघको सदस्यता शुल्क सम्वन्धमा

३. योजनाको म्याद थप सम्वन्धमा

४. कृषि संकलन केन्द्रको घरभाडाको सम्झौता सम्वन्धमा

५. कार्वन विसर्जन परियोजनाको सम्झौता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं १ माथि छलफल भइ आमचोक गाउँपालिकाको कार्यालयबाट मिती २०८०/११/१३ गते को आर्थिक राष्ट्रिय दैनिकमा ठेक्का नम्बर ARM/NCB/WORKS/02/2080-081"CONSTRUCTION OF COLD STORE AT AAMCHOWK RURAL MUNICIPALITY WARD-03,THIDINKHA" कार्यका लागि बोलपत्र आव्हान गरी सूचना प्रकाशन भएको र सो सूचनाको आधारमा अन्तिम समय सम्म पेश हुन आएको १ वटा बोलपत्र JP ENGINEERING AND CONSTRUCTION PVT LTD, CHANDRAGIRI-10,KATHMANDU ले पेश गरेको बोलपत्रको प्राविधिक प्रस्तावको मूल्याङकन गरी आर्थिक प्रस्ताव २०८१/०१/०३ गते खोलिएको र उक्त फर्मले पेश गरेको आर्थिक प्रस्ताव यस कार्यालयको लागत अनुमान रु २,४६,३८,९५१।३१ (अक्षेरुपी रु दुई करोड छयालिस लाख अट्तिस हजार नौ सय एकाउन्न रुपैया एकतिस पैसा) (मु अ क/PS सहित) भन्दा ०.३० प्रतिशत रकम रु ७५,७१३।३५ (अक्षेरूपी पचहत्तर हजार सात सय चौध मात्र) बढी भई कबोल अङ्क जम्मा रकम रु २,४७,१४,६६४।६६ (अक्षेरूपी रु दुई करोड सट्चालिस लाख चौध हजार छ सय चौसठ्ठी रुपैया छैसठ्ठी पैसा मात्र) (मु अ क/PS सहित) पेश गरेको पाइएको सन्दर्भमा खरीद समितिको निर्णय र टिप्पणी, योजना शाखा र प्राविधिक शाखाको राय र कार्यालय प्रमुखको राय वमोजिम सार्बजनिक खरीद ऐन २०६३ को दफा २६ को उपदफा १ को खण्ड ख मा न्युनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्रको बोल अङ्क लागत अनुमान भन्दा सारभुतरुपमा बढी भएमा बोलपत्र अस्वीकृत वा रद्द गर्न सकिनेछ लेखिएको र सारभुतरुपमा बढी भन्नाले कति प्रतिशत सम्म बढीलाई सम्झिने भन्ने कानुनमा प्रस्ट नभएको र सार्वजनिक खरिद अनुगमन कार्यालयको मिती २०७९/०९/२१ गतेको च.नं.७०३ को पत्रानुसार सार्वजनिक खरीद अनुगमन कार्यालयले बिगतमा मिल्दो जुल्दो बिषयमा राय दिईसकेको भए सो बिषयमा राय माग गरिरहनु नपर्ने कुरा उल्लेख भएको हुदा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिती २०७४/१०/०८ र २०७४/११/१४ को निर्णय अनुसार क्रमशः हेटौडा सिमेन्ट उधोग लिमिटेड हेटौडा र पुष्पलाल (मध्यपहाडी ) लोकमार्ग आयोजना,पूर्बिखण्ड बुद्धनगर काठमाण्डौलाई लागत अनुमान भन्दा बोल अङ्क कति बढी भएमा सारभुतरुपमा बढी मान्ने बिषयमा बोलपत्र आव्हान गर्ने सार्वजनिक निकायले यथार्थमा आधारित विवेक प्रयोग गरी पुनः बोलपत्र आव्हान गर्दा लाग्ने थप प्रत्यक्ष खर्च, कामको जरुरीपनाको स्थिती, सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा लिईएका आधार तथा मुल्याङ्कनमा देखिएको परिवर्तनको अवस्थाको समेतको बिश्लेषण गरी पुनः बोलपत्र गर्दा बजार मुल्यको कारणले वर्तमान न्युनतम मूल्याङकित बोलपत्रदाताको कबोल अङ्क भन्दा कम हुन सक्ने अवस्था बिश्लेषणबाट नदेखिएमा स्पस्ट र मान्य कारण खुलाई सार्वजनिक निकायको प्रमुखले स्वीकृत गर्न सकिने ठाउँ कानुनले राखेको देखिन्छ भनी राय दिएको हुनाले सो रायलाई आधारबनाई उक्त फर्मको आर्थिक प्रस्ताव खारेज गरी दोस्रो पल्ट बोलपत्र आव्हान गर्दा लाग्ने समयको कारणले गर्दा यस आ.व मा ठेक्का सम्झौता सम्पन्न गर्न नसकिने र कार्यालयलाई नेपाल सरकार समपुरक अनुदान मार्फत प्राप्त रकम रु ५०,००,०००।– (अक्षेरूपी रु पचास लाख मात्र) र आमचोक गाउँपालिकाको गाउँसभाले सो शिर्षकमा विनियोजित रकम रु.१२५००००।(वाहलाख पचासहजार) गरी जम्मा रु.६२५००००। (अक्षेरुपी वैसठ्ठीलाख पचासहजार मात्र) को कार्य यस आर्थिक वर्षमा गर्न नसकिने र आगामी आ.ब. मा नयाँ बोलपत्र आब्हान गर्दा यस कार्यालयलाई बजेट समेत अभाव हुने र नयाँ बोलपत्र आव्हान गर्दा बोलपत्र रद्द गर्ने सम्बन्धि सूचना, नया बोलपत्र आव्हान सम्बन्धि सूचना, आर्थिक प्रस्ताव सम्बन्धी सूचना र आशयको सूचनाका साथ आगामी वर्ष गाउपालिकाको दररेट समेट वद्ने भएकोले कार्यालयलाई थप आर्थिक भार पर्न जाने , आमचोक गाउँपालिकाले कृषि क्षेत्रमा वृहत लगानी गरिरहेको र यसै आर्थिक वर्षदेखि कृषि संकलन केन्द्र समेत सञ्चालनमा ल्याएकोले निकट भविष्यमानै कोल्ड स्टोरको आवश्यकता भएको साथै कोल्ड स्टोरको विस्तृत परियोजना प्रतिवेदन तयारी तथा स्वीकृतिको समयमा भन्दा वोलपत्र मुल्याङ्कनको समयमा श्रम र सामग्रीहरुको मुल्य समेत वृद्धि भएको अवस्थमा उक्त फर्मले पेश गरेको बोलपत्रलाई सारभुत रूपमा प्रभावग्राही मानी सार्वजनिक खरीद ऐन २०६३ को दफा २६ को उपदफा १ को खण्ड ख बोजिम उक्त फर्मले पेश गरेको बोलपत्रको कबोल अङ्क लागत अनुमान भन्दा सारभुत रूपमा बढी भएको नदेखिएकाले उक्त फर्मको बोलपत्र स्वीकृत गरी आशयको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.२**

प्रस्ताव नं २ माथि छलफल भइ आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को आमचोक गाउँपालिकाको गाउँपालिकाले गाउँपालिका महासंघ नेपाललाई वुझाउनु पर्नर् सदस्यता शुल्क रु.५००००।(अक्षरुपी पचासहजार मात्र) नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट गाउँपालका महासंघ नेपाललाई उपलव्ध गराउने ।

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि छलफल भइ तपशिल वमोजिमको योजनाहरुको म्याद समाप्त भएकोले थप गर्ने ।

| क्र.सं. | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | म्याद थप गर्नुपर्ने कारण | योजना सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|
| १ | लेकबारी खानेपानी निर्माण आमचोक-५ | २०८०।१२।३० | दक्ष कामदार समयमा उपलब्ध नभएको | २०८१/०२/३० |
| २ | पावला खालिङ भञ्याङ खुम्तिङ पाङ्चा सडक निर्माण आमचोक-५ | २०८०।१२।३० | समयमा स्काभेटर मेसिन उपलब्ध नभएको | २०८१/०२/३० |
| ३ | पावला छोटे कृषि सडक निर्माण आमचोक-५ | २०८०।१२।३० | समयमा स्काभेटर मेसिन उपलब्ध नभएको | २०८१/०२/३० |
| ४ | चद्रेश्वर मा वि छाना खरिद आमचोक- ५ | २०८०।१२।३० | लागत अनुमान अनुसार सामान समयमा नपाईएको | २०८१/०२/३० |
| ५ | सोकोराङ टाङटुङ कृषि सडक निर्माण आमचोक-५ | २०८०।१२।३० | समयमा स्काभेटर मेसिन उपलब्ध नभएको | २०८१/०२/३० |
| ६ | गैरीगाउँ पानवाक्ला सडक निर्माण तथा मर्मत आमचोक-१ | २०८०।१२।२५ | समयमा स्काभेटर मेसिन उपलब्ध नभएको | २०८१/०२/३० |

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि छलफल भइ  कृषि संकलन केन्द्रको घरभाडामा लिनको लागि मिति २०८०/१२/१९ मा प्रकाशित सूचना नं ४२ वमोजिमको आमचोक ४ निवासी श्री रामवहादुर खत्रीले आमचोक ४ बालंखा वजारमा अवस्थित पक्कि घरको  दुइवटा कोठा मासिक ८०००।(भाडा कर सहित) मा भाडामा दिनको लागि दिएंको निवेदन र मुल्याङंकन समितिले उक्त कोठाहरु कृषि संकलन केन्द्रको लागि उपयुक्त ठहर गरे वमोजिम  पुन सम्झौता नविकरण हुने गरी असार मसान्त सम्मको लागि सम्झौता गर्ने ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल भई  नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी दर्ता कार्यालय, काठमाडौँ, नेपाल, अन्तर्गत स्थापित माउन्ट एभरेष्ट फोरेस्ट बोटानिकल्स एलायन्स (मेपबा), दर्ता नम्बर २२३८३०/०७६/०७७ कम्पनी ऐन, २०६३ अन्तर्गत  स्थापित माउन्ट एभरेष्ट फोरेस्ट बोटानिकल्स एलायन्स (मेपबा) काठमाडौँ, नेपाल र आमचोक गाउँपालिका  बीच आमचोक गाउँपालिका क्षेत्रभित्र कार्बन बिसर्जन परियोजना सञ्चालन गर्नको लागि  "कार्बन बिसर्जन परियोजनाका लागि सहकार्यात्मक साझेदारी सम्झौता" पत्रमा हस्ताक्षर  गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष